# 'मानसी' उपन्यासमा लैङ्गिकता

**महेन्द्र न्यौपाने**
गोरखा क्याम्पस, त्रिभुवन विश्वविद्यालय, गोरखा
mneupane607@gmail.com

## लेखसार

प्रस्तुत लेखमा बलदेव मजगैयाँद्वारा रचित 'मानसी' उपन्यासको लैङ्गिकताको अध्ययन गरिएको छ। लैङ्गिक समालोचनाले कृति विश्लेषणका लागि अगाडि सारेका पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लैङ्गिक सशक्तीकरण, उत्पादक तथा पुनरुत्पादक भूमिकाको सैद्धान्तिक पर्याधार तयार पारी यिनै पर्याधारका आधारमा उपन्यासको विश्लेषण गरिएको छ। यस उपन्यासमा पितृसत्तात्मक समाज र त्यसको सामाजिक र सांस्कृतिक संरचनाको चिरफार गरी समाजनिर्मित लैङ्गिक विभेदबाट नारीलाई मुक्त गराउनुपर्ने स्वर प्रकट गरिएको छ। नेपाली समाजमा विद्यमान विभेदको कलात्मक चित्र उतारी विभेदका विरुद्धमा नारीहरूले विभेदकारी संस्कृति र आफूमाथिको दमन तथा हिंसाका विरुद्धमा सशक्त रूपमा आवाज उठाउन थालेको यथार्थताजन्य सकारात्मकतालाई सशक्त रूपमा प्रस्तुत गरेको छ। पुरुषले गर्ने दमन, हिंसा तथा विभेदकारी कदमलाई पितृसत्तात्मक समाजको संस्कृतिले संरक्षण प्रदान गरेको दृष्टान्त प्रस्तुत गर्दै पुरुषप्रधान समाजमा नारीलाई भोग्या वस्तु ठान्दै प्रेम गरेर वा प्रेमको नाटक गरेर तथा कठिन परिस्थितिमा सहयोग गरेको नाटक गरेर अनि झुटो आश्वासन दिएर हिंसा, शरीरमाथि आफ्नो अधिकार जमाउन प्रयास, दमन र शोषण गरेर महिलालाई आफ्नो अधीनस्त बनाउन चाहन्छन् भन्ने यथार्थतालाई जीवन्त शैलीमा व्यक्त गरिएको निष्कर्ष निकालिएको छ।

**मुख्य शब्दावलीहरू :** लैङ्गिक विभेद, पितृसत्ता, सशक्तीकरण, उत्पादक भूमिका ।

## विषयपरिचय

'मानसी' उपन्यासको रचना बलदेव मजगैयाँले गरेका हुन्। वि.सं. २०२१ मा 'शान्ति' शीर्षकको कविता (ज्योत्स्ना साहित्यिक पत्रिका, दाङ) प्रकाशन गरी साहित्यको औपचारिक यात्राको थालनी गरेका उनले कथा, कविता विधामा पनि कलम चलाएका छन्। उनका 'नरमणि' (२०४८), 'कुहिरो' (२०५१), 'चारु' (२०५४), 'विवशता' (२०६२), 'मानसी' (२०६२) गरी पाँच ओटा उपन्यास प्रकाशित छन्। साहित्यका अतिरिक्त राजनीतिमा समेत सक्रिय मजगैयाँले मूलतः मनोविज्ञान, दर्शन र समाजचिन्तनलाई उपन्यासको आधार बनाएका छन्।

'मानसी' उपन्यासकी प्रमुख पात्र मानसी र हर्षको प्रेमसम्बन्ध रहेको, रिसोर्टमा लगेर मानसीको इच्छाविपरीत उसँग शारीरिक सम्बन्ध राख्ने प्रयास गरेको, विनयद्वारा आफ्नो नपुंशकताको रिपोर्ट हर्षको रिपोर्टसँग साटेर सहयोगको नाटक गरी विवाह धोकापूर्ण तरिकाले विवाह गरेको, विनयले आफ्नै अफिसकी सहयोगी शालिनीसँग प्रेमको नाटक गरी शारीरिक सम्बन्ध राखेको, मानसीले विनयसँग विवाहपछि हर्षसँग शारीरिक सम्बन्ध राखेर सन्तान जन्माएको तथा वास्तविकता बोध भएपछि हर्षले मानसीलाई स्वीकार गरेको अनि शालिनीले समेत विनयलाई छाडेर गएको अनि विनय एक्लो बनेको प्रसङ्ग उपन्यासमा चर्चा भएको छ । यस उपन्यासले नेपाली समाजको विद्यमान अवस्थाले एकातिर वर्तमान समयसम्म पनि महिलाहरूले पुरुषबाट विभेद, हिंसा सहेर बसिरहनुपरेको बाध्यात्मक अवस्थाको चित्रण गरेको छ भने अर्कातिर विभेदको दरमा कम हुँदै गएको तथा महिला सशक्तीकरणको कारण यसको प्रतिरोध हुँदै गएकाले लैङ्गिक समानतामूलक आशाका किरणहरू पनि झुल्किँदै गएको तथ्यलाई समेत उजागर गरेको छ । यस अध्ययनमा साहित्य समालोचनाको क्षेत्रमा नवीन विषयका रूपमा नेपाली समालोचनामा भित्रिएको लैङ्गिक अध्ययनका मानदण्डका आधारमा बलदेव मजगैयाँद्वारा रचना गरिएको 'मानसी' उपन्यासको विश्लेषण गरिएको छ ।

लैङ्गिक दृष्टिले साहित्यको विश्लेषण तथा मूल्याङ्कन गर्ने कार्यलाई लैङ्गिक समालोचना भनिन्छ । लैङ्गिक समालोचनालाई अब्राम्स र हार्फम (सन् २००५) को 'अ ग्लोसरी अफ लिटेररी टर्म्स' को आठौँ संस्करणमा भनिएको छ : 'लैङ्गिक भूमिकासँग सम्बन्धित लेखाइ, प्रस्तुति, विषयवस्तु तथा सम्पूर्ण साहित्यिक कार्यको विश्लेषण तथा मूल्याङ्कन गर्नु नै लैङ्गिक समालोचना हो ।' लैङ्गिक अध्ययनले खासगरी समाजले महिला र पुरुषका लागि सुम्पेको भूमिकाको खोजी गर्दछ । लैङ्गिक अध्ययन महिला र पुरुषप्रतिको सामाजिक व्यवहार र सांस्कृतिक निर्मित हो । यसले पुरुष र महिलाले के गर्न हुने र के गर्न नहुने जस्ता सांस्कृतिक मान्यताको निर्माण गर्छ र विचारात्मक रूपमा पहिचानको निर्माण गर्दछ' ( भट्टराई, २०७७, पृ. १०७) । यसरी फरक जैविक भूमिकामा रहेका महिला र पुरुषको सामाजिक भूमिकाका र विभेदका विविध पक्ष र पाटाको खोजी गर्ने अध्ययन गरी लैङ्गिक समालोचनाका अध्ययनका आधारमा प्रस्तुत 'मानसी' उपन्यासको अध्ययन गर्ने कार्य यस लेखमा गरिएको छ ।

## विधि

प्रस्तुत अध्ययनमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेर 'मानसी' उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ। उपन्यास विश्लेषणको आधार तथा लैङ्गिकताको अवधारणा निर्माणका लागि लैङ्गिकतासँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरूको उपयोग गरिएको छ । यसका साथै लैङ्गिक अध्ययनसँग सम्बन्धित शोधार्थीबाट तयार पारिएका शोधपत्रलाई पनि सन्दर्भसामग्रीका रूपमा उपयोग गरिएको छ यस लेखमा

उपन्यासको लैङ्गिक पक्षको विश्लेषणका लागि पितृसत्ता, शरीर, लैङ्गिक विभेद, लैङ्गिक सशक्तीकरण, उत्पादक तथा पुनर्उत्पादक भूमिका जस्ता साहित्यिक कृतिको लैङ्गिक अध्ययनको पर्याधारका आधारमा विश्लेषण गरिएको छ ।। यो लेखमा गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । 'मानसी' उपन्यासको सूक्ष्म पठन गरी लैङ्गिक सूचकको पहिचान गरी विश्लेषण गरिएको छ ।

## लैङ्गिक अध्ययनको अवधारणा

महिला र पुरुष जैविक दृष्टिले भिन्न भूमिकामा प्रस्तुत गरिएका अर्थात् फरक लिङ्ग (सेक्स) भएका पृथ्वीका सर्वश्रेष्ठ प्राणी हुन् । महिला र पुरुषमा जैविक रूपमा हुने केही फरक विशेषतालाई लिङ्ग शब्दले जनाउँछ । 'लैङ्गिक' (जेन्डर) शब्द 'लिङ्ग' (सेक्स) भन्दा भिन्न अवधारणा हो । लिङ्गले प्राकृतिक भिन्नतालाई बुझाउँछ भने लैङ्गिकताले महिला र पुरुषको सामाजिक व्यवहार र सांस्कृतिक निर्मितिलाई जनाउँछ । लैङ्गिकले महिला र पुरुषबिचको भूमिकालाई सामाजिक सांस्कृतिक आधारमा विश्लेषणमा विश्लेषण गर्दछ । विश्व समालोचनामा लैङ्गिक समालोचना एक नवीन अध्ययन हो । हुन त लैङ्गिक अध्ययनका लागि छुट्टै नामाकरण नगरिएको तथा यस्तो अध्ययनले विशिष्ट स्वरूप प्राप्त नगरेको भए पनि महिला र पुरुषका विषयमा अध्ययन भने हुँदै आएको पाइन्छ । जेन्डर शब्दको रूपान्तरणको रूपमा लैङ्गिक अध्ययनलाई लिइन्छ । जेन्डर शब्दको विकास प्रकार, प्रारूप वा श्रेणी भन्ने अर्थ दिने ल्याटिन भाषाको 'जेनश' शब्दबाट फ्रान्सेली भाषा हुँदै अङ्ग्रेजी भाषाको जेन्डर शब्दको निर्माण भएको हो । फ्रान्सेली भाषाबाट अङ्ग्रेजी भाषामा आउँदा यसले लिङ्गलाई बोध गराउन थालेको पाइन्छ । जेन्डर शब्दलाई नेपाली भाषामा पनि एकै रूपमा प्रयोग गरेको पाइन्न । नेपालीमा यसको अनुवाद 'लैङ्गिक/लिङ्गीय भूमिका', 'लैङ्गिक/लिङ्गीय सम्बन्ध', 'लैङ्गिक/लिङ्गीय विशेषता' र सामाजिक लिङ्गभेद जस्ता पदावलीहरूको प्रयोग हुने देखिन्छ । नेपाली समालोचनाका क्रममा लैङ्गिक समालोचना, लैङ्गिकता, जेन्डर अध्ययन भनेको पाइन्छ । यद्यपि यीमध्ये सबैभन्दा बढी 'लैङ्गिक अध्ययन' सबैभन्दा बढी प्रचलित रहेको छ ।

साहित्यमा लैङ्गिक पक्षको प्रस्तुति दिन थालिएको तथा साहित्य समालोचनाका क्रममा लैङ्गिक पक्षको उजागर गर्ने कार्य धेरै अगाडिदेखि नै हुँदै आएको पाइन्छ । यसरी लैङ्गिक अध्ययनको छुट्टै र विशिष्ट नाम नदिइएको भए पनि लैङ्गिक सन्दर्भहरू धेरै अगाडिदेखि अगाडि आएका थिए । प्राचीन मानव समाजमा जीवनयापनका लागि गरिने कार्य जसलाई हामी श्रम भन्न सक्छौं, त्यसमा साना जनावरको सिकार गर्ने काममा स्त्री र पुरुषको उत्तिकै सहभागिता हुने गर्थ्यो (मिड एन्ड ह्याङ्क्स, २००४, पृ. २८) । अनामिका (२००१) को लैङ्गिक अध्ययनसम्बन्धी प्राचीनताको धारणालाई भट्टराई (२०७७) ले यसरी प्रस्तुत गरेका छन् : 'प्राचीन ग्रिसेली समाजमा समाजमा दर्शन, साहित्य, इतिहास आदि विषयमा कुनै न

कुनै चर्चा हुँदै आएको छ। यस्तो उल्लेख मूलतः पितृसत्तात्मक सन्दर्भबाट हुने गरेको छ। प्लेटोले दास, विदेशी र स्त्रीलाई दार्शनिक चिन्तन र बौद्धिक विमर्शजस्तो सर्वोत्तम मानव सुलभ कार्यबाट टाढा राख्नुपर्ने घोषण गरेका थिए (पृ.१०९)। प्लेटोका चेला अरिस्टोटलले ज्ञानलाई शक्तिको मूल स्रोत मान्दै ज्ञानको एकाधिपत्य पुरुषसँग भएकाले शक्तिको अन्तिम स्रोत पनि पुरुष भएको विचार व्यक्त गरेका छन्। पुँजीवादी युगमा श्रम तथा अन्य नोकरीमा सहभागी गराएपछि सामन्तवादी युगमा भन्दा महिलाको भूमिका केही विस्तारित भए पनि ज्यालादरमा विभेद भने कायमै रहेको देखिन्छ। यसपछि महिलामाथि हुने विभेद र शोषणका विरुद्धमा सशक्त रूपमा आवाज उठ्न थालेको पाइन्छ। लैङ्गिक अध्ययन र लैङ्गिक चेतनाको सचेत प्रयासका रूपमा ओलम्पी द गुजेको 'डिक्लारेसन अफ द राइट्स अफ विमेन' लाई लिइन्छ (भट्टराई, २०७७, पृ. ११०)। यसपछि भने लैङ्गिक अध्ययनलाई विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट आवाज उठाउन थाले। फलतः लैङ्गिक अध्ययन व्यवस्थित बन्दै गई महत्त्वसमेत स्थापित हुन पुग्यो। यसै क्रममा पहिले लेखिएका साहित्यिक कृतिलाई लैङ्गिक दृष्टिबाट अध्ययन गर्ने, लैङ्गिक दृष्टिबाट साहित्य सिर्जना गर्ने अनि तिनको समालोचना गर्ने कार्यको प्रारम्भ हुन पुग्यो जसको कारण लैङ्गिक समालोचनाको उद्भव हुन पुग्यो।

लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्षतः सम्बन्धित रहेको पाइन्छ। सन् १९६० पछि विकसित भएको नारीवादले लैङ्गिक अध्ययन तथा भूमिकाको खोजी गर्न थाल्यो। जैविक लिङ्गलाई आधार बनाएर गरिएको भिन्नता जस्तो : व्यवहार तथा क्षमता जस्ता कुराहरू नारीत्व र पुरुषत्व चिनाउने सङ्केतको उपयोगमा ल्याइएको विषयको विश्लेषण लैङ्गिक अध्ययनमा गर्न सकिन्छ (पिल्चर र ह्वेलहेन, २००४, पृ. ५६)। यसरी विश्वसाहित्यमा अगाडि बढेको लैङ्गिक अध्ययनले नेपाली समालोचनामा प्रवेश गरी पछिल्लो महत्वसमेत स्थान पाउन थालेको पाइन्छ। लैङ्गिक समालोचनाका विभिन्न आधारहरू लिई तिनका आधारमा साहित्यको विश्लेषण तथा सैद्धान्तिक चर्चा परिचर्चासमेत नेपाली समालोचनामा भएको पाइन्छ।

## विश्लेषणका सैद्धान्तिक आधार

साहित्यिक कृतिको लैङ्गिक अध्ययनका लागि विभिन्न समालोचकहरूबाट प्रस्तुत विभिन्न आधारहरूलाई तल सङ्क्षिप्त चिनारीसहित प्रस्तुत गरिएको छ :

## पितृसत्ता

पितृसत्ताले सामाजिक एकाइमा पुरुषले प्रमुख भूमिका निर्वाह गर्नुलाई जनाउँछ। पितृसत्ता भनेको कुनै सामाजिक एकाइ पुरुष प्रमुखद्वारा सञ्चालित हुनु हो (पिल्चर एन्ड ह्वेलेन, २००४, पृ. ९३) पुरुषको महिलामाथि संस्थागत प्रभुत्व वा निर्णयी भूमिका रहेको पारिवारिक संरचनालाई पितृसत्ता भनिन्छ। 'पुरुषको आधिपत्य वा वर्चश्व रहने परिवारहरू मिलेर बनेको

समाजलाई पितृसत्तात्मक समाज भनिन्छ । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षित रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र बढी साधनस्रोतले सम्पन्न हुन्छन्' (पाण्डे, २०६९, पृ. ११) । पितृसत्तात्मक परिवारमा सम्पत्तिको मालिक, परिवारका कार्यहरूको निर्णयकर्ता तथा प्रमुख शक्तिको स्रोत र व्यवस्थापक पुरुष भएको हुनाले महिलामाथिको आर्थिक तथा सामाजिक विभेद, नियन्त्रण, हिंसा, दमन, अधिनता, अपमान, नियन्त्रण, अपमान गरिन्छ । मार्क्सवादी नारीवादका अनुसार पितृसत्तात्मक प्रवृत्तिको विकास पुँजीवादी आर्थिक पद्धतिको प्रमुख भूमिका रहेको पाइन्छ (पिल्चर एन्ड ह्वेलेन, २००४, पृ. ९४) यस आधारमा लैङ्गिक विभेदको प्रमुख कारण र आधारका रूपमा पितृसत्तालाई लिन सकिन्छ । समाजमा महिलाले पुरुषलाई अतिशय आदरका दृष्टिले हेर्न, महिलाहरू कमजोर र परनिर्भर जाति हुन् भन्ने धारणा विकास गर्न अनि विवाहअघि बुबाको अनि विवाहपछि पतिको संरक्षणमा बस्न बाध्य पार्नुको कारण पितृसत्ता नै हो । जहाँ महिलामाथि धर्म, संस्कृति, परम्परा आदिका नाममा अनेक खालका विभेद सहन बाध्य हुन्छन् भने पुरुषहरू शक्तिको स्रोतका साथसाथै स्वतन्त्रताको सहुलियतसमेत पाएर अधिकारसम्पन्न जीवन व्यतीत गर्दछन् । लैङ्गिक पक्षसँग गहिरो सम्बन्ध भएकाले पितृसत्ता लैङ्गिक समालोचनाको महत्त्वपूर्ण मान्यताको रूपमा देखा पर्दछ ।

## शरीर

लैङ्गिक अध्ययनको विषयका रूपमा शरीरलाई पनि लिइन्छ । भौतिक निर्मितिका रूपमा रहेको शरीरका माध्यमबाट महिला र पुरुषप्रति बनाइने सांस्कृतिक धारणालाई लैङ्गिक अध्ययनका सन्दर्भमा शरीरका रूपमा लिइन्छ । यसले मूलतः महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्दछ भन्ने मान्यता राख्दछ । 'नारी पुरुषका बिचको शारीरिक सम्बन्ध महिलाको सुन्दरता वा कामुकता, रजश्वला, गर्भाधारण तथा बालबच्चाको हेरचाहजस्ता विषयहरू नारीका स्वतन्त्र विषय हुन् । उसको शरीरसम्बन्धी विषयहरू पनि हुन् । त्यसैले यी विषयमा नारीले स्वतन्त्र निर्णय गर्न पाउनुपर्दछ' (भट्टराई, २०७७, पृ. १३४) यसरी अरुको शोषणबाट मुक्त भई आफ्नो शरीरमाथि आफ्नो अधिकारलाई स्थापित गर्ने विषयलाई शरीर राजनीतिले गर्दछ । समाजमा विज्ञापन एजेन्सी तथा सञ्चार माध्यम तथा अन्य कतिपय सङ्घसंस्थाहरूमा समेत आदर्श र उपयुक्त शरीरको खोजीलाई पनि यसको विषयअन्तर्गत पर्दछ भन्ने मान्यता अगाडि आएको छ ।

## लैङ्गिक विभेद

पुरुष वा महिला भएकै कारण समाजले सिर्जना गरेको विभेदलाई लैङ्गिक विभेद भनिन्छ । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित गर्ने र अर्कोलाई निरुत्साहित गर्दा यस किसिमको विभेदको सिर्जना हुन्छ । 'सामाजिक प्रतिष्ठा, सम्पत्तिको स्वामित्व, सांस्कृतिक परम्परा, राजनीतिक गतिशीलता आदि अनेकौं पक्षमा लैङ्गिक विभेद हुने गरेको पाइन्छ । कुनै

पनि समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहार इङ्कित गर्दछ भने त्यसलाई लैङ्गिक विभेद भनिन्छ (खनाल, २०७५, पृ.२८) वास्तवमा महिला र पुरुष केवल जीववैज्ञानिक रुपले भिन्न प्राणी रहे पनि समाजले महिलालाई भेदभाव गर्ने सामाजिक मूल्यमान्यताले निर्माण गरेको हुन्छ। पितृसत्ताले सामाजिक संस्था र अभ्यासका सबै गतिविधिमा पुरुषले महिलामाथि नियन्त्रण गर्ने नियम बनाएको बताएका छन्। उनका अनुसार महिलामाथि हुने दमन र शोषणमा पितृसत्ताको प्रमुख भूमिका रहेको हुन्छ (बार्कर, २००३, पृ. ३८८-३८९)। यसरी पितृसत्ताको कारण महिलामा लैङ्गिक विभेद हुने देखिन्छ। महिलालाई पुरुषसरह सामाजिक, धार्मिक र जातीय व्यवहार र अवसरमा लिङका आधारमा भेदभाव गर्दै लगेर एकअर्कामा भिन्न व्यवहार गरी असमान व्यवहार गर्न थालिन्छ।

## लैङ्गिक सशक्तीकरण

विविध कारणबाट शोषण दमन सहन बाध्य व्यक्तिलाई उनीहरूभित्रको शक्तिलाई प्रष्फुटन र विकास गराई शक्तिशाली बनाउने कार्यलाई सशक्तीकरण भनिन्छ। लैङ्गिक अध्ययनका कोणबाट हेर्दा पछाडि परेका लिङ्गलाई ऊमाथि भएका शोषण, दमन र अधीनताबाट मुक्त गराउन सक्षम गराउने कार्य लैङ्गिक सशक्तीकरण हो। पुरुषप्रधान समाजमा व्यक्ति तथा संस्थाले सामाजिक, सांस्कृतिक तथा यौनिक रूपमा शक्तिहीन बनेका महिलालाई क्षमतावान् बनाउने कार्य नै सशक्तीकरणका रूपमा देखा पर्दछ। अर्थात् सशक्तीकरण भन्नु नै महिला सशक्तीकरणका रूपमा देखा पर्दछ। 'अशक्त, पछि परेका महिला, सामाजिक, सांस्कृतिक रूपमा दबाइएका तथा शोषित महिलाहरूलाई क्षमतावान् बनाई अवसर र अधिकार प्रदान गर्नु महिला सशक्तीकरण हो' (खनाल, २०७५, पृ. ३२)। यसरी महिलालाई पुरुषसमान बनाउनका लागि उनीहरूलाई क्षमतावान् बनाउने कुरा महिला सशक्तीकरणसँग सम्बन्धित रहेको छ। समाजमा विद्यमान लैङ्गिक विभेदको अन्त्यका लागि लैङ्गिक सशक्तीकरण गर्नु आवश्यक हुन्छ।

## उत्पादक तथा पुनरुत्पादक भूमिका

आयआर्जन तथा आम्दानीका लागि गरिने क्रियाकलापमा लैङ्गिक आधारमा हुने भूमिकाको खोजी उत्पादक भूमिकामा गरिन्छ। 'कुनै कार्य गरेपछि मानिसले त्यसवापत आर्थिक प्रतिफल प्राप्त गर्ने भूमिकालाई उत्पादक भूमिका भनिन्छ' (खनाल, २०७५, पृ.२७)। पुरुषप्रधान तथा पितृसत्तात्मक समाजमा पुरुषको बढी ज्याला, रोजगारी र आयआर्जनमा पहुँच हावी हुने तथा महिललाई समान काममा पनि न्यून ज्याला हुने क्षेत्रमा सीमित पार्ने कार्य गरिन्छ। नारीवादी विचारक जुलिया क्रिस्टेवाको विचार उद्धृत गर्दै उप्रेती (२०६८) भन्छन् छन्- 'पत्रकारिता, व्यापार राजनीति तथा कानुनको व्यावसाय जस्ता (पुरुषको बाहुल्यता रहेको) क्षेत्रमा कामगर्ने महिलाहरूलाई सधैं डर हुन्छ -कतै तिनका पुरुष प्रतिद्वन्द्वीले तिनलाई पुरुषको जस्तो स्वभाव

भएका चरित्रहीन नारीको रूपमा देख्न, बुझ्न थाल्ने त छैनन् ? (पृ. २३७) त्यस्तै पुनर्उत्पादक भूमिका प्रत्यक्ष आर्थिक लाभ नहुने तर आर्थिक लाभका लागि अप्रत्यक्ष रूपमा सहयोग गर्ने खालका कार्यहरू पर्दछन् । सन्तानोत्पादन कार्य, घरायसी कार्यहरू यस्ता भूमिकामा पर्दछन् । नारीले गर्ने 'घरको काम' लाई प्रायः गरी उत्पादक श्रमका रूपमा लिइँदैन । न त तिनले उक्त श्रमको निम्ति ज्याला नै पाउँछन् । यदि उक्त 'घरको काम' लाई उत्पादक श्रम मान्ने हो भने समसामयिक संसारको दुई तिहाइ श्रम नारीहरूले नै गर्दछन् (उप्रेती, २०६८, पृ.२३६) । यसरी नारीहरूले गर्ने श्रम महत्त्वपूर्ण हुँदाहुँदै पनि पुनरुत्पादक भूमिका भएका कारणले उत्पादक भूमिका ठानिने पुरुषको कामका आधारमा धनसम्पत्तिमा पुरुषको अधिकार बढी हुने हुँदा विभेदको स्थिति सिर्जना हुन पुग्छ ।

## 'मानसी' उपन्यासको लैङ्गिक अध्ययन

### पितृसत्ता

'मानसी' उपन्यास भित्रको पारिवारिक र सामाजिक संरचना पितृसत्तात्मक रहेको छ । यस उपन्यासका पुरुष पात्रमा पितृसत्तात्मक सोच रहेको तथा पितृसत्तात्मक सोचका कारण महिला पात्रलाई सोहीअनुसारको व्यवहार गरेको पाइन्छ । पुरुष तथा नारी पात्रबाट व्यक्त विचारबाट समेत पितृसत्ताको अभिव्यक्ति पाइन्छ । उपन्यासको सुरुवातमै उपन्यासकी प्रमुख नारी पात्र मानसीले व्यक्त गरेको विचारले नेपाली समाज पितृसत्तात्मक रहेको प्रमाण दिन्छ :

> "सतीप्रथाको युग प्रारम्भ भएको त्यो बेला सम्भवतः पुरुषप्रधान समाजको चरमोत्कर्षको युग थियो । सतीको नाममा नारी जातिलाई जिउँदै जलाउने पुरुषहरूको त्यो 'दानवीय कालखण्ड' थियो । आफू सभ्य र कुलीन देखिन जिउँदै जलाइएका नारीहरूलाई धर्मको जलप लगाएर 'देवी' को ईश्वरीय पदवी प्रदान गरियो । आफ्नै जननीलाई जिउँदै जलाई त्यसैमा गर्व गर्ने पुरुष जातिको चरम क्रुरतालाई हामीले बुझ्न सिङ्गो युग नै पर्खनुपर्‍यो ।" (पृ.१)

मानसीको विचारका आधारमा नेपाली समाज पितृसत्तात्मक रहेको तथा पितृसत्ताको चरम् दमनका रूपमा नारीहरूले सतीप्रथाका नाममा आफ्नो ज्यानैसमेत अर्पण गर्नुपरेको सन्दर्भ प्रस्तुत गरिएको पाइन्छ । उनको विचारबाट नेपाली समाजमा विगतदेखि वर्तमानसम्म नै पितृसत्ताको प्रभाव कायम रहेको देखिन्छ ।

मानसीलाई उसको प्रेमी हर्षले रिसोर्टमा लगेर अङ्कमाल गर्दै संवेदनशील प्रक्रिया सुरु गर्छ । आफ्नो इच्छा पूरा हुन नसकेपछि प्रेममा अविश्वास भएको विचार व्यक्त गरेपछि मानसीले त्यसको प्रतिरोध गर्दै भन्छे :

> 'यो लोग्नेमानिसको मानसिकता हो हर्ष मैले धोका दिएँ भने पनि समाजमा तिम्रो स्थान यथावत् रहन्छ तर तिमीले धोका दिए समाजमा मेरो स्थान कहाँ रहन्छ ?

त्यहाँ हाम्रा भविष्यका सम्पूर्ण ढोका बन्द गरिन्छन् । जन्म दिने आमाबाबुसमेत आफ्नो पक्षमा नहुने अनि यातना र लाञ्छनापूर्वक बाँच्नुपर्ने, वेश्या बन्नुपर्ने जस्ता अन्तहीन यात्राको आरम्भ हुन्छ । त्यसको पीडा नारीले अनुभव गर्न सक्छे' (पृ. ३४) ।

मानसीको विवाहअगाडि यौन सम्बन्ध राख्दा पनि पुरुषलाई खासै फरक नपर्ने तर महिलाका लागि भने बाँकी जीवन बिताउनसमेत कठिन हुने वेश्याको लाञ्छना सहनुपर्ने भनाइले यो समाज पितृसत्तात्मक भएको स्पष्ट हुन्छ । समाजले दिएको अधिकारको कारण स्वीकृति नलिईकनै हर्षले मानसीको शरीरमाथि कब्जा जमाउन खोजेको छ अनि त्यसको जानकारी समाजमा भए पनि उसको नैतिकतामा केही असर नपर्ने दोहोरो सहुलियत पितृसत्तात्मक समाजले नै प्रदान गरेको छ । मृत्युको मुखमा पुगेका बखत मानसी र विनयको हात समाउँदै मानसीका बुबाले भनेका छन् :

'तिमी दुई जना अहिले नै सिद्धिविनायक मन्दिर गएर विवाह गरेर आओ । यो मेरो अन्तिम इच्छा हो ।' मानसीले जवाफमा 'बुबा जे जस्तो भए पनि म तपाईंको इच्छाविरुद्ध उभिन सक्दिनँ । तर यति ठुलो सङ्कल्प सुनाउनुभन्दा पहिले आफैँले आत्मनिर्भरताको ढाडस दिएर हुर्काएकी छोरीलाई तेरो इच्छा के छ छोरी ? भनेर सोधिदिएको भए ....' (पृ.५२)

यसप्रकार मानसीका बुबाको भनाइबाट पनि पितृसत्तात्मक संरचनाकै कारण मानसीले आफ्नो हर्षसँगको प्रेमको प्रतिज्ञा र दाम्पत्य जीवनको सुखद कल्पना हुँदाहुँदै पनि मृत्युको मुखमा पुगेका बाबुको आग्रहलाई स्वीकार गर्न बाध्य बन्छे । न्यायधीश बाबुले शिक्षित छोरीलाई परिस्थितिको आडमा विवाह गर्न बाध्य पारेको उपन्यासको यो सन्दर्भले पितृसत्ताको जरोलाई शिक्षाले पनि उखेल्न नसक्ने समेत स्पष्ट हुन्छ ।

## शरीर

मानसी उपन्यासकी महिला पात्रहरू मानसी र शालिनीको शरीरमाथि पुरुष पात्रले अधिकार जमाएका छन् । प्रेमी हर्षले मानसीलाई रिसोर्टमा लगेर विवाहअगाडि उसको स्वीकृतिविना नै उसको शरीर उपभोग गर्ने प्रयास गरेको छ । मानसीले उसको प्रयासको प्रतिवाद गर्दा प्रेममा शारीरिक संसर्ग सामान्य भएको भन्दै घुमाउरो तरिकाले प्रेम गरेपछि प्रेमिकाको शरीरमा अधिकार हुने तर्क स्थापित गर्न प्रयास गरेको छ । जवाफमा मानसीले आफ्नो शरीरमाथि आफ्नै अधिकार भएको कुरा व्यक्त गर्दै भनेकी छ :

'समयको निश्चितता तिमी र म मिलेर नै गर्ने हो तर समयको छनोट गर्ने अधिकार तिमीलाई मात्र छैन । एक्लै निर्णय गर्न खोज्नु स्वेच्छाचारिता हो, अझ त्यो बलात्कार नै हो । तिम्रै चरित्रसँग पनि यो कुराले मेल खाँदैन । माफ गर हर्ष ! म तिमीलाई उपदेश दिने हक राख्दिनँ तर मेरो निजी भावनाको पनि कदर हुनुपर्छ ।' (पृ.३१)

मानसीको यो अभिव्यक्तिबाट महिलाको शरीरमा पुरुषको हक राख्न खोज्नु गलत भएकाले निश्चित समयमा दुवैको सहमतिमा शारीरिक संसर्ग गर्नुपर्ने विचार गरिएको छ । महिलाको शरीरमाथि पुरुषले अधिकार राख्नु भनेको बलात्कार नै मान्ने मानसीको विचारबाट पुरुषको महिला शरीरलाई आफ्नो भोगको साधन ठानेको स्पष्ट हुन्छ ।

झुट कुरा गरेर मानसीको शरीर भोगका लागि विवाहरूपी नाटक गरेर फँसाएको स्वीकारोक्ति विनयले यसरी व्यक्त गरेको छ :

> 'हर्ष ! मैले एउटा कुरा भनेको थिएँ, म हार्न जान्दिनँ । तिमीलाई जीवनका प्रत्येक मोडमा हराउनेछु । त्यसैका निम्ति मानसीलाई तिमीबाट अलग्याएँ र मेरी पारेँ । तिमीलाई हराएँ, मैले जितेँ । यसको निम्ति तिमीलाई भ्रमित पार्ने प्रयत्नमा जानीबुझी तिमीलाई सानोबुबाकहाँ लगेँ, नाटकमा सरिक गराउँ, तिम्रो बुबाको सामान्य दुर्घटनामा अप्रत्यक्ष सरिक भएँ, फलस्वरूप मानसीलाई लिएर मुम्बई जान पाएँ … आदिआदि ।' (पृ.८७)

यसरी विनयले आफ्नो नपुंशकता भएको थाहा पाएर पनि रिपोर्ट गुपचुप राखेर छलकपट गरी रिपोर्ट हर्षको भन्ने पारेर, मानसीसँग विवाहरूपी सम्बन्ध गाँसेर मानसीको शरीरलाई उपभोग गरेको छ । आफ्नै अफिसकी सहयोगी शालिनीलाई श्रीमती बनाउने आश देखाएर प्रेमको नाटक गरी महङ्गो उपहार दिई शरीर आफूलाई सुम्पन बाध्य बनाएको छ ।

अस्पतालमा बिरामी भएर बसेका मानसीका बाबुले आफ्नी शिक्षित छोरी मानसीलाई उसको खुशी, चाहनाको बेवास्ता गरी आफूलाई बिरामी भएको समयमा सेवा गरेको नाटक गरेकै भरमा विनयसँग विवाह गर्न आग्रह गर्छन्, उनले भनेका छन्,

> 'छोरी मानसी ! तिमी मेरो एक मात्र सन्तान र आज्ञाकारी छोरी हौ । तिमी जस्तो छोरी पाएकोमा म म धन्य रहेछु । ……आमाले सानैमा छोडेर गई । म पनि गएपछि मेरी अनाथ छोरीको के अवस्था होला ? भन्ने मलाई चिन्ता बढिरहेको छ । एउटा धोको पूरा गर्न पाए सन्तोषपूर्वक मर्न सक्ने थिएँ । त्यसैले मृत्युशैय्याबाट तिमीहरू दुवैसँग याचना गर्छु । मसँग असहमति सुन्न सक्ने सामर्थ्य छैन छोरी । कृपया नाइँ नभन । तिमी दुई …… तिमी दुई जना अहिले नै सिद्धिविनायक मन्दिर गएर विवाह गरेर आओ । यो मेरो अन्तिम इच्छा हो' (पृ.५१)

यसरी आफ्नो बिरामीपनको समेत फाइदा उठाएर मृत्युको मुखमा पुगेका बाबुले पनि आफ्नो छोरीको शरीरमाथि अधिकार कायम राखेका छन् । विनयसँग विवाह गर्नका लागी मानसी भित्रैदेखि खुशी थिइन । यद्यपि बुबाको अन्तिम अवस्थाको आग्रहलाई नकार्न नसकी उसले स्वीकार गरेकी छ । आफ्नो शरीरका बारेमा आफैँले निर्णय गर्न नपाएका कारण उसको

शरीरमाथि विनयले धोका दिएको छ । यसले नारीहरूको शरीर श्रीमान्रूपी पुरुषले मात्र नभई बाबुरूपी पुरुषले पनि अधीनमा राख्छन् भन्ने कुरा माथिको प्रसङ्गबाट स्पष्ट हुन्छ ।

मानसीलाई पनि धोका दिएको र आफूलाई पनि आमा बनाउन नसक्ने केवल शारीरिक सम्बन्ध मात्र राख्न चाहेको थाहा पाएपछि शालिनीले भनेकी छ :

> 'यत्रो नाटक र विश्वासघातका कथा सुनेर पनि मप्रति आशाको नजर लगाउनुभन्दा लाजमर्दो अरू कुनै कुरा छ र ? नारीका जीवनसँग खेल्ने तिम्रो मांशल इच्छामा म किमार्थ सरिक हुन सक्दिनँ । म तिमीलाई हृदयदेखि घृणा गर्छु' (पृ.८९) ।

जालझेलपूर्ण तरिकाले विनयले आफूसँग प्रेम गरेको नाटक गरेर शरीर उपभोग गरेको थाहा पाएपछि उसलाई घृणा गरेकी छ । आफूलाई प्रेम नगर्ने पुरुषको मांशल इच्छामा सहभागी नहुने कुराको जानकारी दिँदै मायाँ र साथ दिनेसँग हरेक किसिमको सम्बन्ध राखे पनि केवल मांशल इच्छामा रुचि राख्ने माया नगर्ने परपुरुषसँग कदापि सम्बन्ध राख्न नसक्ने विचार शालिनीले दृढतापूर्वक राखेकी छे ।

यसरी यस उपन्यासका पुरुष पात्र नारीको शरीरमाथि आफ्नो अधिकार राख्न उद्धत छन् । जालझेल र षड्यन्त्रद्वारा उनीहरूको शरीर उपभोग गरेका भए पनि जव सत्य कुरा पर्दाभाफास हुन्छ तब आफ्नो शरीरको अधिकार आफैँमाफि राख्नका लागि सशक्त रूपमा उभिएर पुरुषको प्रवृत्तिको विरोध गरेका छन् ।

## लैङ्गिक विभेद

'मानसी' उपन्यासका नारी पात्र मानसी र शालिनी लैङ्गिक विभेदबाट आक्रान्त बनेका छन् । एउटै व्यवहार पुरुषलाई गर्न छुट हुने अनि महिलालाई गर्न छुट नहुने स्थिति रहेको विचार मानसीले हर्षसँगको कुराकानीको क्रममा यसरी व्यक्त गरेकी छे :

> 'तिमीहरू पुरुष साथीले भनेका वाक्यवाणहरू हाम्रो छातीमा बिझ्दा तिमीहरूलाई दुख्ने कुरा भएन । ठोकरका अनगिन्ती शृङ्खलाहरूलाई समेत आफ्नो साथी आफ्नो साथी भनेर जोगाउने र हामीलाई एक्ल्याउने गर्न तिमीहरूलाई कुनै किञ्चित हुँदैन । तर मेरो (नारी) मजाकलाई अर्को केटासँग जोडेर हेर्न निमेष मात्र पनि लगाएनौ होइन ?' (पृ.९)

नारी र पुरुषका बिचमा विभेदको खाडल निकै गहिरो रहेको कुरा मानसीको भनाइबाट व्यक्त भएको छ । पुरुषले महिलालाई बोलीचाली र व्यवहारका क्रममा निरन्तर रूपमा होच्याउने गरेको तथ्य समाजमा देखिएको पाइन्छ । महिलाले पुरुषलाई सम्मानका दृष्टिले हेर्ने तर पुरुषले महिलालाई सधैँ होच्याउने गरेको मानसीको तर्कले महिला र पुरुषबिचको विभेदको स्पष्ट चित्र पाउन सकिन्छ ।

मानसी शिक्षित अनि समानताको पक्षमा पुरुषसँग वहस गर्ने पात्र हो । उसले हर्षसँग निकै गहकिला तर्क पेस गरेर महिला पुरुषले महिलामाथि गरेका विभेदका विषयमा गहन कुराकानी गरेकी छे । हर्षसँगको कुराकानीका क्रममा मानसीले भनेकी छिन् :

> 'त्यस्तै कतिपय परिस्थितिमा बलजफ्ती गराइएको सम्बन्धलाई पुरुषप्रधान समाजको संस्कार मानेर सहने र बाँच्ने बाध्यता पनि नारीलाई छ । साथै कतिपय पुरुषहरू अभिनय गर्न यति खप्पिस हुन्छन् कि चलाख हुँ भन्ने नारी पनि जीवनभर पुरुषले रचेको सुनको पिँजडामा थुनिन्छन् । झट्ट हेर्दा उदार देखिने तर ढोँगी प्रवृत्तिका पुरुषहरू अत्यन्त क्रूर पनि हुन्छन्। नारीमाथि शासन गर्ने अहम्ले मातेका ती सबैको मार सहने हामी नारी नै त छौँ ।' (पृ.१२)

> 'हर्ष हेर, पुरुषले व्यभिचार गरोस् त्यो सभ्य हुन्छ, व्यसन गरोस् त्यो सामान्य हुन्छ, तर एउटी नारीले एकपटक भुलवश पनि त्यो गल्ती गरे क्षमा पाउनु असम्भव हुन्छ' (पृ.१४)

पुरुषले सके बल प्रयोग गरेर नसके अनेक खालका नाटक गरेर भए पनि महिलालाई आफ्नो वशमा पार्ने गरेको तथा जसरी भए पनि नारीमाथि पुरुषले विभेद गरेकै हुने कुरा माथिको तथ्यले पुष्टि गरेको छ ।

उही कार्य पुरुषले गरेमा सभ्य र क्षम्य हुने र महिलाले गरेमा अक्षम्य हुने अवस्थाले लैङ्गिक विभेदलाई पुष्टि गरेको छ । यस्तै विनयसँग विभेद गरेकी मानसीले आफू हर्षले श्राप दिएको कारण सन्तानहीन भएको ठानेर उक्त श्रापबाट मुक्त हुनका लागि आफूलाई सम्भोग गर्न आग्रह गर्दा सामाजिक मर्यादाको कारण देखाउँदै अस्वीकार गरेपछि मानसीले भनेकी छिन् :

> 'तिमीहरूको इच्छा र आकाङ्क्षामा नारीहरूको लागि नियम, अनुशासन र आचारका संहिता निर्माण हुँदा रहेछन् । तिमीहरूले चाहे सबै तोडिन्छन् र आफूअनुकूल नयाँ निर्माण हुन्छन् । ... तिमीहरू आफ्नै स्वार्थको पुतली बनाएर हामीलाई नचाउँछौ' ( पृ.७२-७३) ।

समाजमा सामाजिक मर्यादाका नियम पुरुषले आफूलाई अनुकूल हुने गरी निर्माण गर्ने र आफ्नै चाहनाअनुसार अनुकूल हुने गरी निर्माण गर्ने र आफ्नै चाहनाअनुसार भत्काएर आफैँले तोड्ने हक लिई महिलामाथि विभेद गरेको स्पष्ट हुन्छ ।

## लैङ्गिक सशक्तीकरण

'मानसी' उपन्यासमा वैचारिक सशक्तताका साथ लैङ्गिक चेतना र सशक्तीकरणलाई महत्त्व दिइएको छ । आफ्नै प्रेमी हर्षले आफ्नो इच्छाविपरीत शारीरिक क्रियामा अग्रसर भएपछि मानसीले सशक्त प्रतिवाद गरेकी छिन् । आफ्नो नपुंशकतालाई लुकाएर आफ्नो मातृत्वमाथि खेलवाड गर्ने पतिको कुकर्म थाहा पाएपछि मानसीले विनयलाई भनेकी छिन् :

> 'पुरुषत्वहीन पुरुषकी पत्नी बनेर यतिका वर्ष बाँचेको मलाई पछुतो छ। तिम्रो दुष्कर्मको बयान गरेर म आफैँलाई अपमानित गर्न चाहन्नँ। तिम्रो नामको सिन्दुर र पोतेको बन्धनबाट म आजैदेखि मुक्तिको घोषणा गर्दछु' (पृ. ८८)

यसरी महिलामा आफूमाथि अनेक षड्यन्त्र गरेर विवाहको सम्बन्ध राखेकोमा घृणा गर्दै उसलाई दुत्कारेकी छिन्।

विनयले आफूलाई प्रेमको नाटक गरेको अनि श्रीमती आमा बन्न नसकेको अवस्थामा आफूलाई लगेर आमा बनाउने आशमा विभिन्न उपहारसमेत दिएकाले लोभिएकी शालिनीले विनय अपुंशक भएको वास्तविकता थाहा पाएपछि विनयप्रति घृणा पोख्दै भनेकी छिन् :

> 'यत्रो नाटक र विश्वासघातका कथा सुनेर पनि मप्रति आशाको नजर लगाउनुभन्दा लाजमर्दो अरू कुनै कुरा छ र ? नारीका जीवनसँग खेल्ने तिम्रो मांशल इच्छामा म किमार्थ सरिक हुन सक्दिनँ। म तिमीलाई घृणा गर्छु। मलाई आज नारी हुनुको आत्मबोध भयो। मजस्ता नारीले तिमीजस्ता पुरुषहरूको आकाङ्क्षालाई पूरा गरिदिँदा पनि सामाजिक व्यभिचार बढेको मलाई ज्ञान भयो। मलाई तिमीसँग गरेको पापको प्रायश्चित गर्नु छ, त्यसको प्रारम्भ म तिमीलाई तिरस्कार गरेर गर्छु।' (पृ. ८९)

यसरी आफ्नै अफिसको हाकिम विनयले आफूमाथि धोका दिएपछि विनयले आफूलाई छाडेर नजान आग्रह गर्दा पछि उसलाई तिरस्कार गर्दै आफ्नो बाटो लागेकी छे। अन्यायको विरोध गरेर पुरुषले जे गऱ्यो त्यही स्वीकार नगरी पुरुषलाई दुत्कारेर आफ्नो बाटो लाग्ने नारीहरूमा एक्लै जीवन निर्वाह गर्ने आँट र सक्षमता रहेको देखिन्छ।

पुरुषबाट झुक्याइएर यौन शोषणमा परेका दुवै नारी पात्रहरू सचेतना र सशक्त विचारसहित दृढ आत्मविश्वासका पुरुषको शोषणका विरुद्धमा सशक्त रूपमा उपस्थित भएका छन्। यद्यपि पुरुषको भुक्याईबाट जोगिन र झुक्याउन सक्ने वातावरण निर्माण नगर्न एवम् पुरुषमा हिम्मत नदिनका लागि उपन्यासले महिला सशक्तीकरणको अपेक्षा भने गर्दछ नै।

### उत्पादक तथा पुनरुत्पादक भूमिका

'मानसी' उपन्यासका पुरुष पात्र हर्ष र विनय तथा नारी पात्र शालिनी उत्पादक भूमिकामा तथा नारी पात्र मानसी पुनरुत्पादक भूमिकामा छ। मानसीको पुनरुत्पादक भूमिकालाई महत्त्व नदिई विनयले भनेको छ :

> 'हो ... हो ... तिमी बच्चा जन्माउने संसारकी एकमात्र स्वास्नीमान्छे हौ। बच्चा सबैले जन्माउँछन् बुझ्यौ ? कति कचकच गरेको ? आखिर मेरो अहोरात्रको परिश्रमले तिम्रो सम्पूर्ण फर्मायसी र डाक्टरी खर्च आदि पुऱ्याउन सकेको छु। तिमीलाई मेरो कुनै वास्ता छ ? तिमी आफ्नो कुरा मात्र गर्छ्यौ, मलाई शान्तिले बाँच्न देऊ' (पृ.८३)

यसरी पुनरुत्पादक भूमिकामा रहनेहरू उत्पादक भूमिकामा रहनेहरूबाट हेपिनुपर्ने तथा धनसम्पत्तिमा अधिकार नहुने भएकाले महिलाद्वारा गरिने पुनरुत्पादक भूमिकाको उचित मूल्य र महत्त्व हुनुपर्ने तथा उत्पादक भूमिकाको आयआर्जनका पछाडि पुनरुत्पादक भूमिकाले गरेको योगदानको उच्च कदर गर्नुपर्ने विचार उपन्यासमा सशक्त रूपमा प्रस्तुत भएको छ ।

यस उपन्यासमा विनयले मानसी गर्भवती भएको थाहा पाएपछि रक्सी खाएर फरक व्यवहार प्रदर्शन गर्नुका पछाडि उसको उत्पादक भूमिकाले पनि बल प्रदान गरेको छ । यदि मानसीको जागिर र कमाइ हुने थियो भने विनयले मानसीलाई त्यस खालको व्यवहार प्रदर्शन गर्न सक्ने थिएन । घरव्यवहार समालेर बसेकी मानसीको कमाइको स्रोत नभएको कारण नै मानसीलाई विनयले त्यसरी हेपेर भनेको हो ।

## निष्कर्ष

'मानसी' पितृसत्तात्मक तथा पुरुषप्रधान समाजको वास्तविकता चित्रण गरी लैङ्गिक सवाललाई अगाडि सारेको औपन्यासकि कृति हो । पुरुषप्रधान समाजमा नारीलाई भोग्या वस्तु ठान्दै प्रेम गरेर वा प्रेमको नाटक गरेर तथा कठिन परिस्थितिमा सहयोग गरेको नाटक गरेर अनि झुटो आश्वासन दिएर हिंसा, शरीरमाथि आफ्नो अधिकार जमाउन प्रयास, दमन र शोषण गरेर महिलालाई आफ्नो अधीनस्त बनाउन चाहन्छन् भन्ने यथार्थतालाई जीवन्त शैलीमा व्यक्त गरिएको छ। पुरुषले गर्ने यस्ता दमन, हिंसा तथा विभेदकारी कदमलाई पितृसत्तात्मक समाजको संस्कृतिले संरक्षण प्रदान गरेको दृष्टान्त यस उपन्यासले प्रस्तुत गरेको छ। समाजको परिवर्तनशीलताको परिणामस्वरूप महिलाहरूमा समेत लैङ्गिक विभेद समाजको निर्मित भएको बोध भई शोषण दमन तथा विभेदकारी संस्कृतिका अगाडि सशक्त रूपमा उभिन थालेको सन्दर्भलाई यस उपन्यासले महत्त्वका साथ प्रस्तुत गरेको पाईयो। नेपाली समसामयिक समाजमा विद्यमान लैङ्गिक स्थितिलाई वैचारिक र तार्किक ढङ्गबाट जीवन्त एवम् सग्लो चित्र उतार्न सफल यस उपन्यासलाई लैङ्गिक अध्ययनका दृष्टिबाट महत्त्वपूर्ण औपन्यासिक प्राप्तिका रूपमा रहेको पाईयो ।

## सन्दर्भसामग्री


अब्राम्स, एम. एच. एन्ड जी. जी. हार्फम (सन् २००५), *अ ग्लोसरी अफ लिटेररी टर्म्स,* आठौँ संस्क. थम्सन वर्डस्वर्थ ।

उप्रेती, सञ्जिव (२०६८) *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

उप्रेती, सञ्जिव (२०७१). *जेन्डरको अध्ययन. जुगल सैद्धान्तिक समालोचना.* काठमाडौँ : जुगल पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पिल्चर, जे.एन्ड.आई.ह्वेलहेन (सन् २००४). *फिफ्टी कि कन्सेप्टस् इन जेन्डर स्टडिज.* लन्डन : सेज पब्लिकेसन ।

पौडेल, रामचन्द्र (२०१०). *जेन्डर एन्ड सेक्सुआलिटी इन म्यागजिन अर्डभर्टाइजिङ अ क्रिटिकल डिस्कोर्स अनालाइसिस',* मानविकी तथा सामाजिकशास्त्र सङ्काय. त्रिवि ( विद्यावारिधि शोधप्रबन्ध) ।

बार्कर, सी (२००३). कल्चरल स्टडिजः थ्यौरी एन्ड प्राक्टिस. दोस्रो संस्करण.लन्डन. सेज प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मजगैयाँ, बलदेव (२०७३). *मानसी.* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ. पाठ्यसामग्री प्रकाशन ।